गाउँसभाको १३ औं अधिबेसनमा अध्यक्ष प्यारीलाल शाही ज्यू बाट प्रस्तुत

आर्थिक बर्ष २०८१।०८२ को

# बार्षिक निती तथा कार्यक्रम

चंखेली गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

पिप्लाङ्ग,हुम्ला

कर्णाली प्रदेश नेपाल

२०८१ असार १० गते सोमबार

## "शिक्षा, स्वास्थ्य, जडिबुटी, जलस्रोत, विकास र पुर्वाधार , गरिबी निवारण, सुशासन, रोजगारी र समृद्धि चंखेलीको आधार"

चंखेली गाँउपालिका उपाध्यक्ष ज्यू ,नि.प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाँउ सभाका सदस्य ज्यूहरू कर्मचारी साथीहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानभावहरू सर्वप्रथम चंखेली गाँउपालिका १३ औं गाँउसभामा हार्दिक स्वागत गर्दछु। चंखली गाँउपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागी नेपाली जनताले गर्दै आएको ऐतिहासक जनआन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। विपद् व्यवस्थापन र महामारी जन्य जोखिंमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, कार्लायल प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरू, महिला स्वास्थय स्वयंसेविका, सामाजिक सघं संस्था, निजि तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरू लगाएत सम्पूर्ण गाउँपालिकावासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु। चंखेली गाउँपालिकाको विकासका निम्ती, निती योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरूमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू, सभाका सदस्य ज्यूहरू, नि. प्रमुख प्रशासकीय अधिकृत ज्यू , लगाएत सवै राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण गाउँपालिका वासी आमावुवा दाजुभाई तथा दिदिबहिनिहरूलाई स-धन्यवाद ज्ञापन गर्न चाहान्छु।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रचुर सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केहि चुनौतीहरु बाँकी नै छन्। विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहामां ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने पर्यटन विकास बाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म टेवा पुर्याउने वन जंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नु साथै सुखी र समृद्ध चंखेली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रूपमा रहेको गरिवी कुपोषण, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन्।

साथै आर्थिक वर्ष ०७९।०८० सालको बार्षिक बजेट समयमा नै सुत्र प्रणालीमा खर्च प्रविष्टि गर्न नसक्दा हाम्रो आ.व. ०८०।०८१ सालको बजेट कार्यन्वयनमा समेत चुनौती देखा परेकाले हामीले थुप्रै समस्याहरु भग्नु परेको कुरा यहाँहरुलाई जगजाहेर नै छ ।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरूमा गाउँपालिकावासीले दिएको साथ

सहयोग, अघात माया ममताबाट प्रेरित भई मैले चंखेली गाउँपालिकलाई कृषिमा आत्म निर्भर सबै नागरिकहरूमा गुणस्तरीय स्वास्थ र शिक्षाको पहुँच पुगाउन तथा सबै गाउँ वस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारणमा चंखेली गाउँ समृद्धि र उज्यालो बनाऔं भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी चंखेली वासी र समृद्ध चंखेली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०८१/२०८२ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

भौगोलिक विकटता र विविधता दुवै रुपमा चित्रित, गरिवी, सामाजिक कुप्रथा,रुढिवादी परम्परा , अशिक्षा बेरोजगारी जस्था थुप्रै समस्याहरुबाट ग्रसित चंखेली गाउँपालिकालाई यि समस्याहरुबाट मुक्त गराउन तथा जनताका आधारभुत आवश्यकतालाई क्रमिक रुपमा पुरा गर्दै लैजाने नीति अनुरुप देहाय अनुसारको क्षेत्रगत र समस्टिगत वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

अब म चंखेली गाउपलिकाको आ.व. २०८१/०८२ को उदेश्य संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।
नितिको प्रमुख उदेश्य :-

- आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण गर्दै वेरोजगारी, भोकमारीको अन्त्य गर्दै शिक्षा,स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधारहरुको विकास गरी यस गाउँपालिकालाई विकासको बाटोमा अघि बढाउनु ।
- कृषि,पर्यटन,जडिबुटी र जलस्रोतको समुचित प्रयोग गरि सडक,पूर्वधार,शिक्षा,स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**यस सभाका उपाअध्यक्ष, सभा सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरु,**
अब म आगामी आर्थिक बर्ष २०८१/२०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

**१) शिक्षा तथा खेलकुद**

- सार्वजनिक शिक्षामा सुधार गर्न गाउँ शिक्षा नीति तयार गर्ने तथा पाँच बर्षे गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यन्वयन गरिनेछ।साथै शिक्षकको पेशागत विकास कार्यक्रम संचालन गरिनेछ र शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा स्वयमसेवक शिक्षक खटाईनेछ ।
- दलित, लोपउन्मुख, सिमान्तकृत गरीब तथा अति बिपन्न समुदायका बालवालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि र प्रोत्सहान गरिनेछ ।दलित तथा लोपउन्मुख समुदायका विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृतिको व्यवस्था गरिनेछ।
- सान्दर्भिक पाठ्यक्रमको रुपमा आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानिय पाठ्यक्रम को निर्माण गरि कार्यन्वयन गरिनेछ।
- स्वास्थ्यका लागी खेलखुद राष्ट्रका लागी खेलखुद भन्ने मुल नाराका साथ पालिका र जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप खेलखुद प्रतियोगितालाई निरन्तरता दिईनेछ।
- विद्यालय तहको परिक्षा लाई मर्यादित र व्यवस्थित बनाउँदै आधारभुत तह कक्षा ८ को परिक्षालाई थप सुधार गर्दै लगिने छ । साथै अर्धवार्षिक परिक्षालाई पनि पालिका स्तरमा संञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर लाई सुधार गर्नका लागि शिक्षा शाखाद्धारा नियमित रुपमा विद्यालय निरिक्षण तथा सुपरिवेक्षण कार्यलाई विशेष जोड दिईनेछ ।
- शिक्षकहरुको पेशागत विकासका लागि कर्णाली प्रदेश शिक्षा मानब संसाधन विकास केन्द्र संग समन्वय

गरि TPD तालिम संञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

- सिकाई सुनिश्चिताका लागि निरन्तर विधार्थि मुल्याङ्कनका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।साथै उपयुक्त साधनको प्रयोग गरि सिकाईमा विविध पक्षको मुल्याङ्कन गर्ने र मासिक रुपमा नतिजा विश्लेशण गर्ने व्यवस्था मिलाईनेछ ।
- बिद्यार्थीहरुको क्षमता पहिचान तथा सिकाईमा थप प्रोत्साहनका लागी तहगत रूपमा पालिका स्तरिय बिद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरि पुरस्कृत गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईन्छ।
- विद्यालय बाहिर रहेका बालवालिकालाई विद्यालय शिक्षामा प्रवेश गराउँन विशेष प्रोत्साहन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । सबै वर्ग तह क्षेत्रका बालबालिकालाई शिक्षाको मुलधारमा आवद्ध गर्ने व्यवस्था गरिनेछ ।
- कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई स्यानीटरी प्याडको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालका भित्र रहेका विद्यालयहरुमा पुर्वाधार विकास गर्नका लागि (RCC) भवनहरुको निर्माण कार्यलाई निरन्तरता दिँदै सम्पुर्ण विद्यालयहरुलाई (RCC) भवन बनाउनका लागि आवश्यक पहल गरिनेछ ।
- विद्यालयको शैक्षिक गतिबिधिहरूमा एकरूता ल्याउन पालिका स्तरिय शैक्षिक क्यालेण्डर निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- खेलखुद क्षेत्रको बिकासका लागी गाउँपालिका अन्तर्गत उपयुक्त ठाउँमा रंगशाला निर्माणका लागि पहल गरिनेछ।

**२) स्वास्थ्य :-**

स्वास्थ्य एक बहुपक्षिय र बहु आयमिक बिषय हो, स्वास्थ्य क्षेत्रको बिकास र उपलब्धताले नै नागरिकको स्वास्थ्य निर्धारण गर्दै स्वास्थ्य समाज र स्वस्थ राष्ट्रको विकाशको निर्धारण गर्दछ । यसै सन्दर्भमा यस स्वास्थ्य साखाले सबै स्वास्थ्य सस्थाहरूबाट संकलन गरिएका यस गाउँपालिका र स्वास्थ्य सस्थामा अपनाएका बिभिन्न मापनहरू (न्युनतम सेवा मापदण्ड, तथ्याकं बिश्लेषण, स्वास्थ्य कार्यक्रमको समिक्षाहरू र गाउँपालिकाको वस्तु स्थिति बिश्लेषण बिबरण) को आधारमा देखिएका सुधार गर्नुपर्ने पक्षका साथै आधारभुत स्वास्थ्य सेवा स्थानिय सरकारको दायित्व रहेकोले निम्न अपेक्षा सहित तपसिलका स्वास्थ्य योजना तयार गरिएको छ ।

- सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।
- गाउँपालिका भित्र बसोबासगर्ने गरिव, सिमान्तकृत, शारीरीक रुपले असक्त तथा फरक कार्य क्षमता भएका व्यक्तीहरु तथा पछाडि परेका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गर्दै लगिने छ ।
- गाउँपालिका भित्र बाँकि रहेका सबै स्वास्थ्य सस्थाको भबन निर्माण गरिनेछ तथा खानेपानी र बिजुलि जडान गरि ब्यवस्थित गरिनेछ ।
- यस चंखेली गाउँपालिकालाइ सम्पुर्ण नागरिकलाई आ.ब. २०८१/०८२ मा स्वास्थ्य बिमाको दायरा ल्याइने र आर्थिकरुपमा बिपन्न परिवारहरु को स्वास्थ्य बिमा गराई स्वास्थ्य बिमा कार्यक्रमलाइ प्रभाकारी

बनाइने छ ।

- गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ ।
- गाउँपालिकाका बासीन्दालाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाले स्वास्थ्य नीति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयन गर्नेछ साथै आवस्यकता अनुसार नीति तथा ऐन परीमार्जन गर्दै लगिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुनेदर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था सहित गाउँपालिका भित्रमा निशुल्क एम्वुलेन्स सेवाको व्यवस्था गरिने छ ।
- यस आब २०८१/०८२ मा यस गाउपालिका मा पोषण सुधार का लागि नियमित रुपमा पोषण को लेखा जोखा गरि कुपोषित बालाबलिकाहरु को उपचार गर्न गाउपालिकाले व्यवस्था गर्ने छ ।
- सुन्य होम डेलिभरि (पुर्ण सस्थागत सुत्केरि) सुनिश्चितताको लागी थप वडा प्रस्तुति गृह स्थापना गरि सन्चालनमा ल्याईने छ ।
- आ व २०८१।०८२ मा गाउँपालिका भित्रका सवै घरधुरी अनुसार स्वास्थ्य जन्मकुन्डली तयार पारिने छ ।
- विशेषज्ञ सेवा सहित MBBS डाक्टरहरु वाट प्रत्यक स्वास्थ्य चौकीहरुमा स्वास्थ्य सस्था सेवा सन्चालन मा निरन्तरता दिईने छ ।
- गाउँपालिकाका स्वास्थ्य सस्थाहरूबाट घर दैलो स्वास्थ्य सेवा सन्चालनमा ल्याई ६० वर्ष माथी जेष्टनागरिकहरु लाई स्वास्थ्य परिक्षण गरिने छ ।
- पूर्णखोप दिगोपना सुनिस्चितता कार्यक्रमलाइ निरन्तरता दीइने छ |
- यस आर्थिक बर्ष बाट गाउँपालिकाका सबै गर्भवतीहरुलाई बस्ति स्तर मै पुगेर निःशुल्क भिडियो एक्सरे सेवालाई निरन्तरता दिईने छ |
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला, मानसीक स्वास्थ्य लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइनु का साथै दिर्घ रोगीहरु का लागि निसुल्क औसधि उपलब्ध गराइने छ ।
- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै विधुतिय माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment-RDQA), न्यनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS-Assessment) र समिक्षा कार्यलाइ ब्यवस्थित बनाइने छ ।
- न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard)अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार,औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

- गाउँपालिका भित्रको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको केन्द्रमा ५ शैया अस्पतालको डिपिआर DPR प्रमाणित भई स्रोत अभावका कारण रोकिएको कामलाई निरन्तरता दिँदै वडा नं २ मा पनि सुविधा सम्पन्न अस्पतालको स्थापनाको लागि आवश्यक पहल गरिने छ ।
- कर्मचारी थप प्रोसान सहित सवै स्वास्थ्य सस्थामा शनिवारे सेवा सन्चान ल्याईने ।

## ३) कृषि तथा पशुपंक्षी

- चंखेली गाउँपालिकालाई कृर्षि क्षेत्रमा व्यबसायीकरण र आत्मनिर्भरका लागि " **भुमिमा पानी,खाद्यान्न आत्मनिर्भरमा लगानी, आर्गनिक कृर्षि उत्पादन मार्फत कृर्षकको आम्दानी** " भन्ने मुल नाराका साथ कृर्षिलाई गरिवि निवारण, रोजगारी सृजना र बेरोजगारीको अन्त्य गरि खाद्य सुरक्षाको आधारको रुपमा विकास गरिनेछ ।
- हिँउदे तथा बर्षे फलफुल विरुवा वितरण,एक गाउँ एक नर्सरी स्थापना,मौरी पालन,रैथाने (लोपउन्मुख बाली)चिनो,फापर,कागुनो र मार्से आदी बालीको संरक्षण गर्ने जस्ता कार्यक्म संचालन गरिनेछ ।
- औद्योगिक तथा नगदे बालीको व्यवसायीकरण,पुष्प खेति,साना सिँचाई,माटो परिक्षण शिविर संचालन,कृर्षि सडक,कृर्षकहरुका लागि कृर्षि औजार सामाग्रीहरु वितरण,तालिम भ्रमण तथा पुरस्कारको व्यवस्था जस्ता कार्यक्रमलाई विषेश प्रथामिकिकरणमा राखिनेछ।
- पशुपन्छीको तथ्याङ्क संकलन तथा प्रोफाइल निर्माण गरिनेछ ।
- नक्ष्ल सुधार कार्यक्रमका लागी उन्नत जागको राँगो साँडे र बोको खरिद वगरि वितरण गरिनेछ ।
- प्रत्येक बडाहरुमा पशुहरुलाई नियन्त्रणमा लिई उपचार सेवालाई सरल बनाउनको लागी ट्रेभिज निर्माण गरिनेछ ।
- १०० भन्दा बढा भेडाबाख्रा पालक कृषकहरुवलाई ५० प्रतिशत साझेदारीमा अनुदान व्यवस्थापन मिलाईनेछ ।
- प्रत्येक वडाहरुमा भकारो सुधार कार्यक्रम लागु गरिनेछ ।पालिका स्तरिय एक मोडेल फर्म निर्माण गरिनेछ ।
- याक चौरी पालन व्यवसायलाई संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- भ्याक्सिनेशन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- भेटेरीनरी फिल्डमा आवश्यक पर्ने उपकरणहरुको खरिद गरिनेछ ।
- आन्तरिक परजिविहरुको परिक्षण गर्नको लागी ल्याव सम्बन्धी आवश्यक उपकरण खरिद गरि भेटेरिनरि ल्याव सेवा सञ्चालनमा ल्याईनेछ ।
- युवा वर्गलाई पशुपालन क्षेत्रमा आकर्षण गरि स्वदेशमै रोजगारिका अवसरहरु सृर्जना गर्न युवाहरुको लागी युवा लक्षित पशुपालन कार्यक्रम ल्याईनेछ ।
- पशु सेवा अन्तर्गतको प्राविधिक समस्या समाधान गर्न यस चंखेली गाउँपालिकाको ६ वटै वडाहरुमा एकिकृत पशु स्वास्थ्य शिविर संञ्चालन गरिनेछ ।

## ४) महिला बालबालिका, समाज कल्याण, लैङ्गिक समानता र सामाजिक समाबेशीकरण

- लैङ्गिक हिँसा मुक्त गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु लागु गरिनेछ ।
- समाजका अग्रज जेष्ठ नागरिकहरुको सम्मानका कार्यक्रम ल्याइनेछ ।
- बालबिबाह न्युनीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रमको ब्यबस्था गरिनेछ।

- गाउँपालिका स्तरमा अपाङ्गता शिविर सञ्चालन गरि छुट भएका अपाङ्गता ब्यक्तिको पहिचान गरि परिचयपत्र बितरण समन्वय समितिको बैठकबाट अपाङ्गता परिचयपत्र नेतृत्व तथा क्षमता बिकास निरन्तरता दिईनेछ।
- महिला, बालबालिका तथा लक्षित समुहलाई प्रोत्साहन गर्नका लागि महिला हिँसा विरुद्ध हुने १६ दिने अभियान, नारी दिवस लगायतका कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाहरुमा बाल क्लब गठन गरी अभिमुखिकरण तालिमको ब्यबस्था गरिनेछ।

## ५) भौतिक पूर्वाधार बिकास

- गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य आ.ब. २०८२/२०८३ सम्म समपन्न गरिनेछ।
- गाउँपालिकाको पर्यटन प्रवद्धनका लागि पर्यटकीय क्षेत्रको पहिचान गरि बिश्व सामु चिनाउन डकुमेन्ट्री निर्माण गरि प्रचारप्रसार गरिनेछ।
- **"उज्यालो चंखेली खुसी र समृद्ध चंखेलीबासी"** बनाउनका लागि गाउँपालिकामा बिद्युतको पहुँच नपुगेको वडामा बिद्युत लाईन बिस्तार गरी मर्मत तथा संरक्षणका लागि विशेष ध्यान दिइनेछ।
- चंखेली गाउँपालिकाको केन्द्र देखि सबै वडाहरू समेट्ने गरि लिङक रोड निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईनेछ। साथै यस गाउँपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक बिस्तार र निर्माण कार्यलाई जोड दिन पहल गरिनेछ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रलाई संरक्षण गर्दै पर्यटन पूर्वाधार बिकास कार्यलाई प्राथमिकता दिईनेछ।
- उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना तथा कार्यलाई प्रभावकारी रूपमा सञ्चालन र ब्यबस्थापन गर्नको लागी उपभोक्ता समितिलाई अभिमुखिकरण तलिम सञ्चालन गरिनेछ।
- योजना शाखाबाट संचालन गरिने कार्यहरुलाई छिटो छरितो परदर्शी जवाफदेही बनाउनका लागि सफ्टवयर प्रणाली लागु गरिनेछ ।

## ६) बन बातावरण तथा विपद

- यस गाउँपालिका भित्र रहेका नदि तथा खोलाहरूको प्रारम्भिक बातावरणिय परिक्षण गर्दै नदि जन्य पदार्थको उत्खनन् संकलन र बिक्री बितरण गरि आन्तरिक राजस्व बृद्धि गरिनेछ।
- बाढीपहिरो तथा आगजनी लगायत प्राकृतिक तथा दैनिक प्रकोपबाट पिडितलाई कार्यबिधिले निर्दिष्ट गरेको आधारमा राहत तथा आर्थिक सहायत उपलब्ध गराईनेछ।
- चंखेली गाउँपालिका ६ वटै वडामा प्रत्येक घरधुरीमा बातावरण प्रदुषण बाट बच्न र स्वास्थ्य परिवर्तनका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै प्रत्येक टोलमा भएको फोहोर ब्यबस्थापनका लागि डस्बीनको ब्यबस्था मिलाईनेछ।

**यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्य ज्यूहरु**

**७) खानेपानी तथा सरसफाई**

- खानेपानी आयोजना सञ्चालन गर्नु पूर्व खानेपानीका मुहान अनिवार्य दर्ता गराउने ब्यबस्था गरिनेछ र खानेपानी आयोजनाहरुको मुहान सफा गर्नुको साथै खानेपानी सुद्धता परिक्षणको लागी आबश्यक ब्यबस्था गरिनेछ।
- खेली गाउँपालिकामा खानेपानी समस्याको दिर्घकालिन समाधानका लागी गाउँपालिका स्तरीय बृहत खानेपानी निर्माण कार्यको पहल गरिनेछ।
- यस गाउँपालिका भित्रका सम्पुर्ण वस्तीहरुमा शौचालय सुधार कार्यक्रमका लागि विशेष पहल गरिनेछ ।

**८) लघुउद्यम बिकास**

- गरिबि निवारणका लागी लघुउद्यम बिकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम लघुउद्यम बिकास मोडलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।
- स्थानीय स्तरमा उपलब्ध हुने सिजनल फलफुलहरु जस्तै : ओखर,चुली,खामो,ढुटेलो जस्ता तेलजन्य फलफुलहरु तेल प्रशोधित गरी स्थानीय स्तरमा नै उक्त तेल खान र बजारीकरण गर्न सहजिकरण गरिनेछ ।
- लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्ष कम्तीमा ५० जना लाई ६२ दिने सिपबिकास तालिम दिई दक्ष जनशक्तिको उत्पादन गरिनेछ।
- उपयुक्त प्रबिधिमा पहुँच तथा प्रबिधि हस्तान्तरण गरिनुका साथै निःशुल्क ब्यबसायिक परामर्श सेवा प्रादान गरिनेछ।

**९) बहुक्षेत्रिय पोषण कार्यक्रम**

- नेपाल सरकारको प्रथामिकतामा रहेको बहु क्षेत्रियपोषण योजना कार्यन्वयनलाई उच्च प्रथामिकतामा राखिनेछ ।
- पोषण सुधारका लागी बिपन्न समुदायका महिला समूह तथा कृषि सहकारीलाई आय आर्जन सुधार हुने कार्यक्रम सञ्चालन गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री शासन अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानिय तह घोषणाका लागी बिशेष अभियान सञ्चालन गरि पोषणमैत्री वडा घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ।

**१०): संचार**

- चंखेली गाउँपालिका भित्र सुचना सुचना सञ्चारको पहुच भन्दा बाहिर रहेका वस्तिहरुका लागि 4G सहितको नेपाल टेलिकमको टावर यसै आ.व मा स्थापना गरिनेछ ।
- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराइनेछ ।
- विकास सँग संचार र संचारसँगै विकासको अवधारणालाई आत्मसाथ गरिनेछ ।

**यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्य ज्यूहरू**

**११) संस्थागत विकास तथा सेवा प्रवाह**

- आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत निति बजेट तथा कार्यक्रम अनुरूप बार्षिक कार्ययोजना तर्जुमा गरि कार्यन्वयनमा ल्याईनेछ।
- यस चंखेली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रबिधिमैत्री, जनमैत्री, पारदर्शी र सुशासन युक्त

बनाउन कर्मचारीको क्षमता अभिबृद्धि तथा आवश्यक कानूनी ब्यबस्था समेत गरिने छ।

- स्पष्ट र उपयोगी इलेक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइने छ ।
- स्थानिय तह संस्थागत क्षमता स्व मुल्याङ्कन (LISA) , स्थानिय तह बित्तिय सुशासन तथा जोखिम मुल्याङ्कन प्रणाली (FRA) र स्थानिय आर्थिक बिकास मुल्याङ्कन प्रणाली (LED) लाई थप ब्यबस्थित गरिनेछ।
- मानव संसाधन तथा संस्थागत क्षमता विकासमा गाउँपालिकाको समग्र विकासका लागि विभिन्न तालिम,गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- चंखेली गाउँपालिकाको सेवा प्रवाह तथा योजना काम कारबाहीलाई छिटो छरितो पारदर्शी तथा प्रभावकारी ढंगले सञ्चालन गर्नको लागी सफ्टवेयर सिस्टमको सुरूवात गरिनेछ।
- सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग सेवा प्रवाहका सम्पुर्ण कार्यहरु कम्प्युटर र इन्टरनेट प्रणाली मार्फत गरिने छ ।
- स्थानीय दर रेट तथा जग्गाको मुल्य निर्धारण गरी अनुमोदनका लागि जिल्लामा पठाइने व्यवस्था गरिनेछ ।
- संचित कोषबाट हुने तलबभत्ता लगाएत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ति तथा संस्थाको बैंक खाता मार्फत मात्रै गरिनेछ ।
- यस गाउँपालिकाको आर्थिक ऐन अनुसार सम्पूर्ण ब्यबसाय र लघु जलविद्युत आयोजनामा न्युनतम शुल्क लगाई यसै आ. ब. बाट करको दायरामा ल्याईने छ ।विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजना (Periodic Plan) तयार गरिनेछ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) निर्माण गरिनेछ ।
- गाउँपालिकाको वस्तुगत विवरणलाई अध्यावधिक गरिनेछ ।

<u>**यस सभाका उपाध्यक्ष , सचिव तथा सभा सदस्य ज्यूहरू**</u>

**१२) रोजगार**

- आ.ब २०८१।०८२ मा स्थानिय स्तरमा रोजगारिको प्रबर्धनमा लागी सार्वजनिक निमार्ण कार्यहरूमा सम्भव भए सम्म श्रममूलक प्रबिधि प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिईनेछ। बेरोजगार ब्यक्तीहरूको तथ्याङ्क संकलन तथा बिष्लेषण गरि रोजगार सुचना ब्यबस्थापन प्रणालीमा बेरोजगारहरूको सूची अध्याबधिक र ब्यबस्थित गरिनेछ।
- गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक पारदर्शी रुपले गरिनेछ।
- संघ र प्रदेशबाट ल्याइएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ। गरिवी न्युनीकरण तथा रोजगारीका अबसर बृद्धि गर्न पहल कदमी चालिने छ।
- गाउँपालिका भित्र रहेका बेरोजगारहरुलाई स्वरोजगारा तथा उद्यमी बनाउन उचित पहल गरिनेछ ।
- वेरोजगारहरुमा सामुहिक विमा तथा अति गरिव वेरोजगार परिवारका सदस्यहरुलाई जिवन निर्वाह भत्ता उपलब्ध गराइनेछ ।

१३) **पंजिकरण :**

- सामाजिक सुरक्षा भत्ता प्राप् गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता राष्ट्रिय परिचयपत्रमा आधारित वायोमेट्रिक भेरिफिकेसन डिभाइस अनिवार्य गर्ने नेपाल सरकारको निर्णय बमोजिम वडा नं १ देखि वडा नं ६ सम्मका लागि वायोमेट्रिक भेरिफिकेसन डिभाइस खरिदका लागि बजेट व्यवस्थापन गरिनेछ ।
- एम.आइ.एस अपरेटर र १ (एक) जना फिल्ड सहायकको ६ महिना बापतको पारिश्रमिक गाउँपालकाबाट व्यवस्थापन गरिनेछ ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण हन्तिम लेखा परिक्षण तथा बेरुजु फछ्यौंट र सुचना तथा संचार व्यवस्थापन गाउँपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुन अनुसार चुस्तदुरुस्त लेखाङ्कन गर्न लगाईनेछ । र नियमानुसार आ.लेप . र म .ले.प . गरी बार्षिक क्रियाकलापहरु तथा आय व्ययको विवरण आर्थिक मसान्त सकिए लगत्तै यथासिघ्र सार्वजनिक सुनुवाई गर्ने व्यवस्थ्या मिलाईनेछ ।

**<u>यस सभाका उपाध्यक्ष , सचिव तथा सभा सदस्य ज्यूहरू</u>**

यस चंखेली गाउँपालिकाको विकास र समृद्धिमा निरन्त सद्भाव र सहयोग पुर्याउनु हुने साथै यस गाउँपालिकाको आ.ब २०८१।०८२ को बार्षिक निती तथा कार्यक्रम तयारी क्रममा बिभिन्न चरणमा आफ्नो सुझाव सल्लाह र सहयोग गर्नुहुने गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू ,वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सम्पूर्ण सदस्य ज्यूहरू, गाउँसभा सदस्य ज्यूहरू, गाउँपालिकाका बिभिन्न शाखाका प्रमुख लगायत कर्मचारीहरू राजनितिक दलका प्रतिनिधिहरू बिभन्न गैर सरकारी संस्थाका प्रतिनिधी ज्यूहरू नागरिक समाज, पत्राकार मित्र तथा सुरक्षाकर्मी मित्रहरू, लगायत चंखेली गाउँपालिकाका सम्पूर्ण जन समुदायमा समेत हार्दिक आभार ब्यक्त गर्न चाहान्छु । बजेट सफल कार्यन्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु ।
वर्तमान वस्तुगत यथार्त धरातलमा टिकेर चुनौतीहरुको समधान गर्न हमी चंखेलीबासी कटिबद्ध,प्रतिबद्ध र एकताबद्ध भयौं भने अवश्य पनि चंखेली गाउँपालकाको उज्जवल भविष्य निर्माण गर्न सकिन्छ ।

**धन्यबाद।।।**